# गुराँसगाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७७

स्थानीय राजपत्र

खण्ड: १, संख्या: ६, मिति: २०७७

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७७/३/२१ गते |

प्रमाणीकरण मिति : ...

स्थानीय राजपत्रमा प्रकाशित मिति :

भाग-१

गुराँस गाउँपालिका

CamScanner

प्रस्तावनाः

स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गुराँस गाउँपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सोको व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० अधिकारहरुलाई र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २३ (झ) र उपदफा ४ को ख मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न तथा स्थानीय सरकार सञ्चालन ऐंन २०७४ को दफा १०२ वमोजीम गुराँस गाउँपालिकाको गाउँ सभाले यो ऐन तर्जुमा गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम गुराँसगाँउपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ रहेको छ।

(२) यो ऐन गाँउसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको दिन देखी लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रमुख" भन्नाले गुराँस गाँउपालिकाको प्रमुख लाई सम्झनुपर्छ।

(ख) "उप-प्रमुख" भन्नाले गुराँस गाँउपालिकाको उप-प्रमुख लाई सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले गुराँस गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७८ लाई सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले गुराँस गाँउपालिकाको कार्यपालिका लाई सम्झनु पर्छ।

(ङ) "गाँउपालिका" भन्नाले गुराँस गाँउपालिका सम्झनु पर्छ।

(च) "गाँउसभा" भन्नाले गुराँस गाँउपालिकाको गाँउ सभालाई बुझ्नुपर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुराँस गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) "वडा अध्यक्ष" भन्नाले गुराँस गाँउपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ।

(झ) "वडा समिति" भन्नाले गुराँस गाँउपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाई सम्झनुपर्छ।

(ञ) "स्वास्थ्य शाखा" भन्नाले गुराँस गाँउपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनको लागि तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनुपर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ।

(ठ) "गैरसरकारी स्वास्थ्य संस्था" भन्नाले निजी क्षेत्र, ट्रष्ट वा लोककल्याणकारी, गुठी लगायतका संस्थाहरुबाट सेवाको साथसाथै नाफामूलक वा गैर नाफामुलक उदेश्यले नगरपालिका भित्र सञ्चालित सबै प्रकारका स्वास्थ्य संस्थाहरु जस्तै अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, वैद्यखाना, सुधारकेन्द्र, फार्मेसी, अनुसन्धान केन्द्र, डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि लाई सम्झनु पर्दछ।

(ड) "समिति" भन्नाले यस ऐनको दफा ५ अनुसार गठित गाँउपालिका स्तरीय स्वास्थ्य सेवा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

CamScanner

(ढ) "उप-समिति" भन्नाले यस ऐनको दफा ७ अनुसार गठित गाँउपालिका स्तरीय स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता उप-समितिलाई सम्झनु पर्दछ ।

(ण) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ९ को उपदफा (३) अन्तर्गत बनेको स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(त) "मन्त्रालय" नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या सम्बन्धी हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(थ) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्दछ ।

(द) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका बिषयमा निश्चित योग्यता वा तालिम हासिल गरी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र समुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्दछ ।

(ध) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्वन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्दछ ।

(न) "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा, योग, अकुपन्चर चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरीने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (प्यालिएटिभ) सेवा सम्झनु पर्दछ ।

(प) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले संघीय ऐनमा उल्लेखित आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्दछ ।

(फ) "निजी" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(ब) "स्वास्थ्य सेवा व्यबसाय" भन्नाले स्वास्थ्य उपचारको लागि चाहिने सबै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ढुवानी, भण्डारण, बिक्री वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यबसायलाई बुझ्नुपर्छ ।

## परिच्छेद- २

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायकहरुः**

(१) गुराँस गाउँपालिकाका प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गत तोकिए बमोजिम आधारभूत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा निःशुल्क प्रदान गरिनेछः

क) खोप सेवा,

ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

ग) सरुवा रोग सम्वन्धि सेवा,

घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्वन्धी सेवा,

ङ) मानसिक रोग सम्वन्धी सेवा,

च) जेष्ठ नागरिक स्वास्थ्य सम्वन्धी सेवा,

CamScanner

छ)	सामान्य आकस्मिक अवस्थाका सेवा,
ज)	स्वास्थ्य प्रवर्द्धन सेवा,
झ)	आयुर्वेद तथा अन्य मान्यता प्राप्त बैकल्पिक स्वास्थ्य सेवा,
ट)	संघीय सरकारले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य स्वास्थ्य सेवा,
ठ)	प्रदेश सरकारले राजपत्रमा सुचना जारी गरी कर्णाली प्रदेशका लागि तोकेका अन्य स्वास्थ्य सेवा ।
(ड)	गुराँस गाउँपालिकाले स्थानीय राजपत्रमा सुचना जारी गरी गाउँपालिकाको लागि तोकेका अन्य स्वास्थ्य सेवा ।

(२) उपदफा (१)बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवाप्रवाह तथा व्यवस्थापन सम्वन्धि अन्य व्यवस्था तथा प्रक्रिया मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुमा गुराँस गाउँपालिकाले थप गर्न सक्नेछ । थप गरिएका सेवाहरुको हकमा आर्थिक भार गुराँस गाउँपालिकाले व्यहोर्नु पर्नेछ ।

(४) गुराँस गाउँपालिका भित्र आधारभूत तथा बिशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारका संगठनात्मक संरचना रहने छन् ।

(५) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, भौगोलिक अवस्था आदी कारणले उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन ।

(६) आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु: स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवाप्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन ।

(क)	सरकारी वा सामुदायिक स्वामित्वमा संचालनमा भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, क्लिनिक, आयूर्वेद योग प्राणायम केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख)	निजी: निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग)	ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ: ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ । स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड: स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरेवमोजिम हुने छ ।

**४) विशेषज्ञ स्वास्थ्य सेवा:**

(१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतीका आधारमा गुराँस गाउँपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती सेवाको व्यवस्थापन गर्नेछ ।

(२) कुनै पनि गैरसरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा गाउँपालिकासँग स्वीकृती लिई संचालन गर्नुपर्ने छ ।

गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रानीमत्ता, दैलेख

CS CamScanner

## ५) आकस्मिक उपचार सेवा:

(१) गाउँपालिका भित्र संघीय सरकार र प्रदेश सरकारले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि समन्वय गर्नुपर्नेछ ।

## ६) प्रेषण सेवा:

(१) गाउँपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गरि समन्वय गर्नुपर्नेछ ।

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम प्रेषण गर्दा तोकिए बमोजिम विधि र प्रक्रिया पुरा गर्नुपर्दछ ।

(३) प्रेषण सम्बन्धि अन्य सेवा र सुविधा मन्त्रालय र प्रदेशबाट व्यवस्था गरे अनुसार हुनेछ ।

# परिच्छेद ३
# आकस्मिक स्वास्थ्य सेवा कोषको व्यवस्था:

## ७) कोषको स्थापना :

(१) गुराँस गाउँपालिकाले गाँउपालिका भित्रका नागरिकलाई आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन एक कोषको व्यवस्था गरिने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ।
- (क) नेपाल सरकारबाट प्राप्त रकम,
- (ख) प्रदेश सरकारबाट प्राप्त रकम,
- (ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको आकस्मिक स्वास्थ्य सेवा कोषको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद ४

# स्वास्थ्य संरचना सम्बन्धि व्यवस्था

## ८) स्वास्थ्य प्रणाली:

(१) संविधान प्रदत्त जनताको स्वास्थ्य अधिकारलाई व्यवहारमा उपलब्ध गराउन गुराँस गाउँपालिका भित्र प्रत्येक तोकीएको सेवा प्रदान गर्न १/१ वटा स्वास्थ्य संस्था रहनेछ । जनसंख्या र भौगोलिक अवस्था अनुसार गाउँपालिकाले स्वास्थ्य संस्थाहरु थप गर्नसक्नेछ ।

(२) गुराँस गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सञ्चालन हुने गरी विशेषज्ञ सेवा सहितको एउटा राजमार्ग ट्रमा सेन्टर सञ्चालन गर्ने छ ।

(क) सो ट्रमा सेन्टर सञ्चालनको लागि गुराँस गाउँपालिकाले एउटा कार्यविधि तयार गर्ने छ ।

CamScanner

(३) गुराँस गाउँपालिकाले आफ्नो मापदण्ड वनाएर निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासंग स्वास्थ्य सेवा प्रदान गर्ने गरि सहकार्य गर्न सक्नेछ ।

(४) गुराँस गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट तोकिएको कार्यालय समय अवधीभित्र आधारभुत स्वास्थ्य सेवा लगायत अन्य स्वास्थ्य सेवा प्रवाह गर्नुपर्नेछ ।

(५) प्रत्येक स्वास्थ्य संस्थामा तोकिए वमोजिमका स्वास्थ्यकर्मी, औषधी उपकरण लगायतका बन्दोबस्ती दुरुस्त हालतमा रहनुपर्नेछ ।

(६) प्रत्येक स्वास्थ्य संस्थाबाट प्रवाह गरिने स्वास्थ्य सेवा लैंगीक समानता एवं सामाजिक समावेशीकरण सम्वेदनशिल बनाउनुपर्नेछ ।

## ९) मानव श्रोत व्यवस्थापन:

(१) गाउँपालिकामा संघीय निजामती सेवा ऐन वा प्रदेश निजामती सेवा ऐनमा उल्लेख भए अनुसारको मानव स्रोत संसाधन रहनेछ । निजहरुको सेवा, समूह, उपसमूह सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) गुराँसगाउपालिकाले स्वास्थ्य क्षेत्रमा मानव श्रोत बिकास वितरण तथा उपभोग गर्न रणनिति र मापदण्ड बनाई लागु गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम रणनिति र मापदण्ड तयार गर्दा गाउँपालिकाको भौगोलीक अबस्था, सेवा प्रवाहको सूनिश्चीतता र स्थानिय आवश्यकता लाई नक्साङ्कन र विश्लेषण गरि तात्कालिन र दीर्घकालीन गरि दुई चरणको जनशक्ति प्रयोजनको आधारलाई विचार पुऱ्याइने छ ।

(४) गाउँपालिकास्तरमा परिचालन हुने मानवश्रोतको व्यवस्थापन गाउँपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ ।

(५) गाउँपालिकाले गाउँपालिकाभित्र कार्यरत स्वास्थ्य जनशक्ति र स्वास्थ्य संस्थाको सेवाको मात्रा तथा गुणस्तर समेतको वैज्ञानिक स्तरमान प्रणालीका आधारमा मूल्याङ्कन गरी उत्कृष्ट स्वास्थ्यकर्मी, स्वास्थ्यसेवक, प्रतिष्ठानलाई पुरस्कृत गर्नेछ ।

(६) गाउँपालिका भित्र कार्यरत स्वास्थ्य जनशक्ति र स्वास्थ्य संस्थाको सेवाको सञ्चालनको लागि अनुसुचि नम्वर १ मा तोकीए वमोजिमको सँगठन संरचना रहने छ ।

## १०) स्वास्थ्य तथा सरसफाई समिति गठन, काम, कर्तव्य र अधिकार

(१) गुँरास गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा प्रवाहको व्यवस्थापन र अनुगमन गर्न स्वास्थ्य तथा सरसफाइ समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छ ।

(क) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको २ जना - सदस्य

(ग) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना -सदस्य

(घ) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने कार्यपालिकाले तोकेका १ जना -सदस्य

(ङ) गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्था प्रमुखमध्ये कार्यपालिकाले तोकेको १ जना -सदस्य

CamScanner

(च) गाउँपालिका क्षेत्र भित्र कार्यरत पारामेडिक्स मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना -सदस्य

(छ) गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य सम्बन्धि गैरसरकारी संस्थाहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना -सदस्य

(ज) दलित, जनजाती सिमान्तकृत र अल्पसंख्यक मध्य कार्यपालिकाले मनोनित गरेको १ जना -सदस्य

(झ) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत १ जना -सदस्य

(ञ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य तथा सरसफाई समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्यक्षेत्र भित्रका स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।
(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।
(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।
(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।
(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।
(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।
(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।
(ज) गाउँकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।
(झ) कर्मचारी सरुवा, वढुवा, वृतिविकास सम्वन्धि विभिन्न प्रकारका कार्यहरु संञ्चालन गर्ने
(ञ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**११) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार:**

गुँरास गाउँपालिका भित्रका स्वास्थ्य चौकि, सामुदायिक स्वास्थ्य इकाई, नगर भित्र संञ्चालित अन्य क्लिनिकहरु व्यवस्थापनका लागि निम्न बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापन समिति गठन गरिने छ ।

१) गाउँपालिका अध्यक्ष - संरक्षक

२) स्वास्थ्य सस्था रहेको सम्वन्धित वडाको अध्यक्ष - अध्यक्ष

३) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना - उपाध्यक्ष

४) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयका प्रमुख र प्राचार्यहरु मध्येबाट एक जना महिला -सदस्य

५) स्थानीय व्यापार संघको प्रतिनिधि एकजना -सदस्य

६) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना -सदस्य

७) वडा कार्यालयका अधिकृत वा सचिव -सदस्य

८) सम्वन्धि स्वास्थ्य संस्थाको प्रमुख १ जना -सदस्य सचिव

१२)	समितिले हरेक पटकको बैठकमा किशोरी, ज्येष्ठ नागरिक र प्रतिनिधित्व छुट्न दलित अल्पसख्यकहरु मध्येहरुवाट एक एक जना गरि तीन जनालाई आमन्त्रित गर्नु पर्नेछ ।

१३)	समितिले आवश्यक देखेमा स्थानिय समाजसेवि, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१४)	समितीको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(१)	आफ्नो कार्य क्षेत्र भित्रका स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।
(२)	गाउपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्वन्धी गाउपालिकालाई आवश्यक राय प्रदान गर्ने ।
(३)	स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।
(४)	स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।
(५)	स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।
(६)	स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।
(७)	स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका समुदायको पहिचान गरी सवैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।
(८)	गाउकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाहदिने ।
(९)	कर्मचारी सरुवा वढुवा वृद्धि, विकास सम्वन्धि विभिन्न प्रकारका कार्यहरु संञ्चालन गर्ने
(१०)	तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

१५)	बैंक खाता सञ्चालनः हरेक स्वास्थ्य संस्थाको आर्थिक कारोबार अनिवार्य बैंक मार्फत हुनेछ ।

(१)	स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२)	उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले निम्न बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## स्वास्थ्य संस्था, स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

१६)	गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्या अनुपात र भुगोलको आधारमामा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई संचालन गर्नुपर्नेछ :

क)	जनशक्तिः स्वास्थ्य सहायक (हे.अ./सि.अ.हे.व.) १ जना, अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सेवाको प्रकृती र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा विस्तार गर्न प्राविधिक कर्मचारी सेवा करारमा परिच्छेद ४ को दफा...... बमोजिम हुनेछ ।
ख)	भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन हुनेछ ।
ग)	उपचारको लागि आवश्यक औजार र उपकरणहरु

CamScanner

परिच्छेद– ६

गैरहि गाउँपालिका
कार्यपालिकाको कार्यालय
तनीमता, ईलाम

## १७) निजी र गैर सरकारी स्वास्थ्य संस्था सम्बन्धि व्यवस्था

१. गाउँपालिका क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्था द्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

३. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पतालको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँकार्यपालिकालाई सिफारिस गर्नेछ ।

४. उपदफा (३) को आधारमा गाउँकार्यपालिकाले तोकिएको समय भित्र मापदण्ड पुरा गर्न र यस्ता अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गरिनेछ ।

५. तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

६. केन्द्रिय सरकार तथा प्रदेश सरकार तथा गुराँस गाउँपालिकाले तोकिएको मापदण्ड पूरा गरेको हुनेछ ।

७. उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्ने छ ।

८. अस्पताल, पोलि क्लिनिक, प्राईभेट क्लीनीक विशिष्टिकृत सेवा (कान, आँखा, दांत) क्लिनीक, थेरापी, योग सेन्टर, मेडिकल हल, मेडिकलजन्य सामाग्री तथा उपकरण,औषधी थोक बिक्रेतालाई संञ्चालन अनुमति प्रदान गर्न सक्नेछ ।

१८) अस्पताल संचालन गर्न आवश्यक मापदण्डः गाउँपालिकाको स्वीकृतीमा संचालन हुने १५ बेड सम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

१) जनशक्ति : कम्तिमा २ जना एम.वि.वि.एस. डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक स्वास्थ्यकर्मी र सहयोगी कर्मचारी ।

२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ स्थल ।

३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

## १९) पोलि क्लिनिक सञ्चालनको अनुमतीः

१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकीएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवा को विवरण खोली गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

२०) प्रयोगशाला वा ल्याबोरेटरी संचालन : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

CamScanner

२)	रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार
३)	ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार
४)	ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

२१) **फार्मेसी संचालनको अनुमती**

१)	गाउँपालिका क्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा गाँउपालिकाबाट अनुमती लिनु पर्नेछ।
२)	औषधि व्यवस्था विभागबाट ओरेन्टिशन कोर्ष प्राप्त तथा आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्रि वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने।
३)	फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदनपेश गर्नुपर्ने।
४)	प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ।
५)	थेरापी संञ्चालन गर्नको लागि न्यूनतम योग्यता भएका व्यक्तिलाई आवश्यक प्रक्रिया पुरा गरी संञ्चालन अनुमति प्रदान गर्न सकिने छ।

२२) मापदण्ड पुरा नगरकोमा हने सजाय :

१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिंदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाईएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँ पालिकामा सिफारिस गर्न सक्नेछ।
२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशा, पिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाईएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सो को आम जनतालाई जानकारी गराईने छ।
३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाईएमा सचेत गराउने, जरिवाना तिराउने देखी अनुमति खारेज गर्न सकिने छ।

२३) सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाका सिफारीसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

२४) संघ र प्रदेश सरकारको मापदण्ड बमोजिम तोकिएका निश्चित वर्गहरुलाई सहुलियत प्रदान गर्नु पर्ने छ।

२५) माथी उल्लेखीत संस्थाहरुको उल्लेखित समितिले वर्षको कम्तिमा १ पटक अनुगमन तथा सुपरिवेक्षण गर्नु पर्ने छ।

## परिच्छेद– ७

## स्वास्थ्य सेवाको पहुँच र गुणस्तर

२६) **स्वास्थ्य सेवाको पहुँचः**

(१)	प्रत्येक गुराँस गाउँपालिकावासीलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने हक हुनेछ।

CamScanner

(२) गुराँस गाउँपालिकावासीमा ( विशेष गरि भौगोलिक तथा अन्य हिसाबले पछाडि परेका स्थान, वर्ग) आधारभूत स्वास्थ्य सेवाका पहुँच सुनिश्चित गर्न गाउँपालिकाले त्यस्ता क्षेत्र पहिचान गर्ने र उपयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने संस्था वा व्यक्तिको व्यवस्था गर्नुपर्नेछ ।

(३) स्वास्थ्य संस्थाहरुमा भौतिक पुर्वधारहरु अपाङ्गता मैत्रि बनाई अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच सुनिश्चिता गर्नेछ ।

(४) गुराँस गाउँपालिकाको स्वास्थ्य सूचकहरुको आधारमा स्वास्थ्य सेवा प्रवाहलाई सुनिश्चिता गर्नको लागि स्वास्थ्य सुचकहरु कमजोर रहेका क्षेत्रहरुमा स्वास्थ्य सेवा पहुँच विस्तार गरीनेछ ।

(६) गाउँपालिकामा रहेका स्वास्थ्य संस्था तथा अनुसन्धान प्रतिष्ठानले आफ्नो संस्थागत योजनामा प्राथमिक उपचार, प्रसूति केन्द्र र आपतकालीन सेवालाई २४ सै घण्टा चालु अवस्थामा राख्नुपर्नेछ ।

(८) सामाजिक स्वास्थ्य विमामा गुराँस गाउँपालिकाका नागरिकको पहुंच एवं उपभोग सुनिश्चीत गर्न मन्त्रालयले कार्यक्रम गराई लागु गर्नेछ ।

## २७) महिलाको सुरक्षित मात्तृत्व र प्रजनन स्वास्थ्य अधिकार:

(१) गुराँस गाउँपालिकाका महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकार संरक्षण गर्न गुरास गाँउपालिका प्रतिबद्ध हुदै नेपाल सरकारबाट मिति २०७५/ ६/२ मा प्रमाणीकरण भएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लाई पालना गर्ने गराउने पर्नेछ ।

२) गुराँस गाउँपालिकाका भित्र हुने महिला हिंसा, लैङ्गिक बिभेद र छाउपडी तथा अन्य सामाजिक, साँस्कृतिक वाधा अवरोध र महिला, बालबालिका तथा आम जनताको स्वास्थ्यमा पर्ने प्रतिकुल असरलाई कम गर्न गुँरास गाउँपालिकाले वहुपक्षिय समन्वयमा छुट्टै रणनीति बनाई कार्यान्वयन गर्नुपर्नेछ ।

## २८) गुणस्तरिय स्वास्थ्य सेवा:

(१) गुराँस गाउँपालिकाकाले गाउँपालिकावासीलाई तोकिएका स्वास्थ्य संस्था तथा स्थानवाट गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने छ ।

२) गाउँपालिकाले उपलब्ध श्रोत साधनको आधारमा गाउँपालिकावासीलाई स्वास्थ्य सेवा प्रदान गर्न देहायका कार्य गर्ने छ ।

(क) स्वास्थ्य संस्थाहरुको गुणस्तर मापदण्ड ( सघिंय सरकार। प्रदेश सरकारले तोकिए वमोजिम ) तयार गर्ने

(ख) स्वास्थ्य सेवा पंहुचको अवस्था विश्लेषण गरि पंहुच नपुगेका क्षेत्रहरुमा समतामुलक तवरवाट सेवा उपलब्ध गराउने ।

(ग) गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहमा निरन्तरता दिन कुनैपनि स्वास्थ्य संस्थामा दरवन्दी अनुसार कर्मचारीहरुको अभाव हुन नदिने ।

(घ) गुराँस गाउँपालिकाका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुले तोकिए बमोजिमको संक्रमण रोकथाम विधि अपनाउनु पर्ने छ ।

CamScanner

**२९) स्वास्थ्य संस्था बाहिरबाट र गाउँपालिका बाहिरबाट प्रदान गरिने सेवा:**

(१) कुनै पनि स्वास्थ्य संस्था तथा इजाजत प्राप्त व्यक्तिले घरघरबाट सेवा प्रदान गर्न गाउँपालिकाको स्वीकृती र मापदण्ड अनिवार्य लिनुपर्ने छ यसरी दिएको सेवाको प्रतिवेदन सम्वन्धित स्वास्थ्य संस्थामा दिनु सेवा प्रदायकको कर्तव्य हुनेछ।

(२) गुराँस गाउँपालिकाले स्वास्थ्य सुचना प्रभावकारी रुपमा प्रवाह गर्न विद्यालय स्वास्थ्य कार्यक्रम तय गरि लागु गनुपर्ने छ। गाउपालिकाले गर्ने बिधालय स्वास्थ्य कार्यक्रमको ढाँचा गाउँपालिकाले तोके अनुसार हुनेछ।

(३) घुम्ती स्वास्थ्य शिविर : कुनैपनि स्वास्थ्य संस्थाले घुम्ती शिविर सन्चालन गर्न गाउपालिका वा तोकिएको निकायबाट स्वीकृत लिनु पर्ने छ। जसका लागी गाउँपालिकाले मापदण्ड बनाई लागुगर्नु पर्ने छ।

(४) वीमाकार्यक्रम अनुसार राज्यले दिने सुविधा गाउँपालिकाभित्र सम्भव नभई बाहिर जानु परेमा बिमाको निती नियम अनुसार हुनेछ।

(५) गाउँपालिक भित्र उपचार सम्भव नभएमा गुराँस गाउँपालिकाले निर्णय गरी बाहिर पठाउन पर्ने भएमा गाउँपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ।

(६) नेपाल बाहिर अन्यत्र गई स्वास्थ्य सेवा लिने भएमा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ।

## परिच्छेद– ८

## स्वास्थ्य सेवाको बित्तीय ब्यवस्थापन

**३०) स्वास्थ्य सेवाको लागि बित्त ब्यवस्थापन:**

(१) यस ऐनमा उल्लेखित सबै प्रकारका स्वास्थ्य सेवा प्रवाह गर्न गुराँस गाउँपालिकाले कुल वार्षिक बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य सेवामा छुट्याउनु पर्ने छ। यस्तो वजेट वार्षिक रुपमा बृद्धि गर्दै लैजानुपर्नेछ।

(२) नेपाल सरकारद्धारा कार्यान्वयनमा रहेको स्वास्थ्य बिमामा गुराँस गाउँपालिकाका सबै नागरिकलाई आबद्ध गराइने छ। आर्थिक अभावका कारण विमामा आवद्ध हुन नसक्ने अति बिपन्न तथा पछाडि परेका वर्गलाई गुराँस गाउँपालिकाले संघीय, प्रदेश सरकारसँगको सहकार्यमा नि:शुल्क विमा गराउने व्यवस्था गर्नुपर्नेछ।

(३) कामदारको स्वास्थ्य सुरक्षा : गुँरास गाउँपालिका भित्र संचालन हुने होटल, उद्योग धन्दा, कलकारखानाका कर्मचारीको स्वास्थ्य सुरक्षाको लागि रोजगारदाताले प्रचलित स्वास्थ्य विमा गराउनुपर्नेछ।

(४) उपदफा (५) बमोजिम भए नभएको अनुगमन गर्न उद्योग कलकारखाना वा अन्य व्यवसाय स्वीकृत दिने बिभाग वा मन्त्रालयसंगको सहकार्यमा गर्नुपर्नेछ।

(५) गुराँस गाउपालिकाल भित्र रहेका लक्षित वर्ग, महिला, बालबालिका, असहाय, अति विपन्न तथा संघीय, प्रदेश र गुँरास गाउँपालिकाले तोकेका अन्य लक्षित समुहलाई बिशेष सामाजिक स्वास्थ्य सुरक्षा ब्यवस्था तोकिए बमोजिम मिलाउनुपर्नेछ।

CamScanner

## परिच्छेद ९

## स्वास्थ्य सेवा प्रवाहमा सुशासन

### ३१) स्वास्थ्य सेवामा सुशासन:

(१) गुराँस गाउँपालिका भित्र प्रत्येक सरकारी स्वास्थ्य सेवामा सुशासन कायम गरि जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य संस्थाहरुमा एक ब्यवस्थापन समिति रहनेछ ।

(२) स्वास्थ्य संस्था ब्यवस्थापन समितिहरुले स्थानीय श्रोत साधन समेत परिचालन गरि सेवालाई गुणस्तरीय बनाउन र समतामुलक हिसाबले सेवा प्रवाह गर्न स्वास्थ्य संस्थालाई परिचालन गर्नुपर्नेछ ।

(३) गुराँस गाउँपालिकाल अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाहरुले आफूले बर्षभरी प्रदान गरेको स्वास्थ्य सेवाको सामाजिक लेखा परिक्षण गराउनुपर्नेछ ।

(४) गुराँस गाउँपालिकाले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको कार्यक्षेत्रमा हुने हिंसा रोक्न र सुरक्षा प्रदान गर्न बहुपक्षीय समन्वय गरि छुट्टै ब्यवस्था गर्नुपर्नेछ । यस्तो कार्य गर्दा स्थानीय तहको अगुवाई र सहकार्य सुनिश्चित गर्नुपर्नेछ ।

### ३२) स्वास्थ्य संस्था तथा सेवा प्रदायकको कर्तब्य:

(१) प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने सेवा सुविधा, समय तालिका, लाग्ने दस्तुर तथा खर्च र उपचार गर्न लाग्ने समय समेत खुलाई सुचना प्रवाह गर्नुपर्नेछ ।

(२) सुचनाहरु प्रवाह गर्दा नागरिक बडापत्र वा अन्य बिभिन्न संचार माध्यमद्वारा जनतासम्म प्रवाह गर्नुपर्नेछ ।

(३) स्वास्थ्य सेवामा गरिब र पछाडी परेका बर्गको पहुँच स्थापीत गर्ने कार्यविधि र सेवाग्राहीले सेवा नपाएको गुनासो ब्यवस्थापन गर्ने कार्यविधी समेत उल्लेख गरि सुचना प्रवाह गर्नुपर्नेछ ।

(४) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान वा उपचार लगायतका सुचनाहरु गोप्य राख्नुपर्नेछ । यस्ता सूचना सार्वजनिक गर्नुपरेमा प्रचलित कानुनको अधिनमा रहेर मात्र गर्नुपर्नेछ ।

(५) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दा कुनै पनि रोगको संक्रमण नहुने र रोक्ने तर्फ तोकिएको सुरक्षात्मक उपायको अवलम्बन गर्नुपर्नेछ ।

(६) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीले स्वास्थ्य उपचार गर्दा सबैलाई सम्मान र आदर ब्यवहार गर्नुपर्नेछ । कसैलाई नीजको उत्पत्ति, धर्म, बर्ग, जातजाती, लिङ्ग, पेशा, भौतिक तथा लैङ्गिक पहिचान, शारीरिक वा स्वास्थ्य अवस्था, वैवाहिक स्थिती, गर्भावस्था, बैचारीक आस्था वा यस्तै अन्य कुनै आधारमा स्वास्थ्य उपचारमा भेदभाव गर्नु गराउनु हुँदैन । तर बिरामीको स्वास्थ्य स्थितिको गम्भिरताको आधारमा स्वास्थ्य संस्थाले उपचार अगाडी पछाडी गर्न भने सक्नेछ ।

CamScanner

(७) स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरुले सम्वन्धित परिषद तथा निजामति सेवा नियमावली अनुसारको पेशागत आचरण पालना गर्नुपर्नेछ ।

(८) स्वास्थ्य संस्था तथा उपचार प्रदान गर्ने स्वास्थ्यकर्मीले प्रत्येक सेवाग्राहीलाई आफ्नो स्वास्थ्य र उपचारको अवस्था, रोगको निदान प्रकृया, उपचार विधि र प्रकृया, उपचार विकल्प र उपचार गर्नलाग्ने अनुमानित खर्च तथा सम्भावित परिणाम र उपचार नगराए उत्पन्न हुने सम्भावित जोखिम समेतका बारेमा विरामीले बुझ्ने गरि जानकारी गराउनुपर्नेछ ।

(९) माथि जेसुकै लेखिएको भएतापनि सेवाग्राहीको स्वास्थ्य स्थितिको सुचना सम्वन्धित सेवाग्राहीलाई दिन सकिने अवस्थामा नीजको परिवारको उमेर पुगेको सदस्यलाई दिनुपर्नेछ ।

### ३३) सेवाग्राहीको कर्तब्यः

(१) स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसंग सेवा लिने सेवाग्राहीको कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने, स्वस्थ जीवनशैली अपनाउने (खानपीन, योग तथा शारीरिक व्यायाममा ध्यान दिने) र स्वास्थ्य संस्थावाट दिइने सेवा लिने र संस्थाको नियम पालना गर्ने,

(ख) स्वास्थ्य सेवा प्राप्त गर्न प्रचलित कानुन नेपाल सरकार, प्रादेशिक सरकार तथा गाउँपालिकाले समय समयमा तोके बमोजिमका स्वास्थ्य सम्वन्धि कार्यक्रममा समावेस हुनु प्रत्येक गुराँस गाउँपालिकाबासीको कतर्व्य हुनेछ ।

(ग) स्वास्थ्यकर्मीलाई आफ्नो स्वास्थ्यको अवस्थासँग सम्बन्धित यथार्थ विवरण उपलब्ध गराई रोग निदान र उपचारमा स्वास्थ्यकर्मीलाई सघाउने ।

(घ) स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा र सम्मान गर्ने, स्वास्थ्यकर्मीप्रति कुनैपनि किसिमको हिंसा नगर्ने, आवश्यकता अनुसार उपचार सहमती फाराम (मन्जुरीनामा) मा हस्ताक्षर गर्ने ।

ङ) स्वास्थ्य संस्थाले प्रेषण गरेको संस्थामा गई सेवा लिने ।

## परिच्छेद १०

## स्वास्थ्य अनुषन्धान, सूचना ब्यवस्थापन, अनुगमन, मुल्याङ्कन

### ३४) स्वास्थ्य अनुसन्धानः

(१) गुराँस गाउँपालिकाले स्वास्थ्य सेवा संग सम्वन्धित बिषयमा अध्ययन, अनुसन्धान, खोजको व्यवस्था गर्न सक्नेछ ।

(२) गुराँस गाउँपालिकाले गुराँस गाउँपालिका भित्र उपलब्ध औपधी जन्य जडीवुटीको अध्यगन अनुसन्धान गरी त्यसको संरक्षण विकास , उपभोग गर्न वहुपक्षीय सहकार्य (स्थानीय तह , निजिक्षेत्र तथा अन्य मन्त्रालय संग) गर्न छुट्टै मापदण्ड बनाई कार्य गर्नेछ ।

## ३५) सूचना व्यवस्थापन:

(१) स्वास्थ्य सेवा सुचना व्यवस्थापन तथा आपूर्ति व्यवस्थापन सुचना प्रणालीलाई अन्य स्थानिय तह संगको सहकार्यमा व्यवस्थित गर्नु पर्ने छ र सो को आधारमा प्रत्येक वर्ष स्वास्थ्य क्षेत्रको वार्षिक रिपोर्ट तयार गर्नुपर्ने छ ।

(२) प्रत्येक स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको तोकिए बमोजिमको अभिलेख राख्ने र सो अनुसारको प्रतिवेदन तोकिएको निकाय समक्ष प्रतिवेदन पेश गर्नु सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको दायीत्व हुनेछ ।

## ३६) अनुगमन, मुल्याङ्कन:

(१) गाउँपालिका मातहत रहेका सरकारी स्वास्थ्य संस्था तथा गाउँपालिकाले स्वीकृती प्रदान गरेका निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुले तोकिएको मापदण्ड अनुसार सेवा प्रदान र सर्त पूरा गरे नगरेको सम्वन्धमा गुराँस गाउँपालिका आफै वा अन्य निकाय मार्फत नियमन , निरिक्षण अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको निरिक्षण अनुगमनबाट प्राप्त नतिजामा उल्लेखित मापदण्ड पालना गरेको नदेखिएमा त्यस्ता स्वास्थ्य संस्थाको नविकरण रोक्ने तथा सन्चालन समेत बन्द गर्न सकिने छ ।

(३) गुराँस गाउँपालिकावाट स्वीकृत प्राप्त निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको नियमन, अनुगमन तथा मुल्याङ्कन गुराँस गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## परिच्छेदः ११

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

४१) स्वास्थ्यकर्मीको व्यवस्थापनः गुराँस गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ५ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् ।

१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउपालिकामार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

३) स्वयम सेवकः स्वदेशि, विदेशि, योजना आयोग र संघसंस्थाबाट नियुक्ति पाएका

४) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेको विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ।

५) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

४२) अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यबस्थाः स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउपालिकाले पुरुष स्वस्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त तोके बमोजिम हुनेछ ।

४३) स्वास्थ्यकर्मीको सेवा सुविधाः

१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सररकारले तोकेका स्केल वमोजिम तलव तथा गुराँस गाउँपालिकाका कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा हुने छ ।

२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलकोदुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

४) अभियानकर्ता /स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

४४) स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्तिः सामुदायिक र सरकारी आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँकार्यपालिकाले निर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने् छन । साथै गाँउपालिकाको निर्णय बमोजिम आवश्यकता अनुसार स्थायी स्वास्थ्य कर्मिहरुलाई कामकाजमा खटाउन सकिने छ । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाँउपालिकाले करारमा स्वास्थ्य कर्मि नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था तोके बमोजिम रहने छ ।

## परिच्छेद– १३

## कसुर र सजाय

**४५) कसुर :**

(१) तोकिए बमोजिम इजाजत प्रत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा ।

(२) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा ।

(३) स्वास्थ्य संस्थाले आधारभुत स्वास्थ्य सेवा तथा उपलब्ध आकास्मिक सेवा प्रदान गर्न इन्कार गरेमा ।

(४) कसैले आफ्नो स्वास्थ्य सम्बन्धि निजि व्यवसायको बिज्ञापन गरेको पाइएमा ।

(५) ऐनमा उल्लेख भए बमोजिम सहमती नलिई उपचार गर्ने, सेवा ग्राहीलाई समान व्यवहार नगर्ने र गोपनियता कायम नराखेमा ।

(६) स्वास्थ्य कर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सुचना दिएको तथा अर्को व्यक्तिलाई बहाना गरेमा ।

(७) यस ऐन तथा अन्तरगर्त बनेका मापदण्ड, निर्देशिका, नियम, कार्यबिधिको पालना नगरेमा ।

(८) बिना इजाजत औषधीजन्य जडीवुटीको किनबेच ओसार पसार र अनधिकृत रुपमा उपचारमा तिनको प्रयोग गरेमा ।

(९) म्याद सकिएका औषधीहरु , खाध्य तथा पेय पदार्थ बिक्रि वितरण गरेमा

CamScanner

**४६) सजाय:**

(१) दफा (२८) उपदफा (१) अनुसारको कसुर गरेमा सघियं सरकारको कानुन अनुसार सजायँ हुनेछ ।

(२) दफा (२८) उपदफा (२), (३) र (५) अनुसारको कसुर गरेमा ५० हजार देखि १ लाख रुपैया सम्म जरिवाना हुनेछ ।

(३) दफा (२८) उपदफा (४) र (७) अनुसारको कसुर गरेमा ५० हजार देखि १ लाख रुपैया सम्म जरिवाना हुनेछ ।

(४) दफा (२८) उपदफा (६) अनुसारको कसुर गरेमा २५ देखि ५० हजार सम्म जरिवाना हुनेछ ।

(५) दफा (२८) उपदफा (८) र (९) अनुसारको कसुर गरेमा १ लाख देखि २ लाख सम्म जरिवाना र १ वर्ष कैद हुनेछ ।

(६) प्रचलित कानुन अनुसार हुने: यी दफा अनुसार सजायं हुने कार्यलाई नेपालको प्रचलित कानुनले छुटै सजाय हुने व्यवस्था गरेको रहेछ भने सो सजाय समेत थप हुनेछ ।

**४७) मुद्दा सरकारवादी हुने:**

यस ऐनअन्तर्गतको मुद्दा प्रदेश सरकार वादी हुनेछ ।

४८) मुद्दा हेर्ने अधिकारी:

यस ऐनअन्तर्गतको मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

४९) पुनरावेदन:

यस अनुसार जिल्ला अदालतले गरेको फैसला चित्त नबुझेमा नियमानुसार सम्वन्धित उच्च अदालतमा पुनरावेदन गर्नसक्नेछ ।

५०) नियम बनाउने अधिकार:

यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक निर्देशिका, नियमहरू, मापदण्ड तथा संरचना वनाउन सक्नेछ ।

५१) संघीय र प्रदेश कानुन बमोजिम हुने:

(१) यस ऐनमा समाविष्ट विषयलाई संघीयर प्रदेश कानुनले पनि सम्बोधन गरेको रहेछ भने त्यसरी सम्वोधन भएको हदमा संघीयर प्रदेश कानुनबमोजिम र बाँकी कुरामा यो ऐन बमोजिम हुनेछ ।

सभाबाट स्वीकृत मिति -:२०७७/३/ २१ गते

आज्ञाले,

राम वहादुर वुढा

प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख

CamScanner